# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को साविकको व्यवस्था जगाउने सम्बन्धी ऐन, २०८०

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को साविकको व्यवस्था जगाउने सम्बन्धी ऐन, २०८०

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०८०।०२।०१

## संवत् २०८० सालको ऐन नं. १

<u>**प्रस्तावनाः**</u> मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) अध्यादेश, २०७८ बाट संशोधन वा खारेज गरिएका मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ का व्यवस्थालाई जगाई साविककै व्यवस्था कायम गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को साविकको व्यवस्था जगाउने सम्बन्धी ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. <u>**संशोधन वा खारेज भएको ऐनको व्यवस्था जागेको मानिनेः**</u> नेपालको संविधानको धारा २०२ अनुसार संवत् २०७८ साल चैत्र २४ मा जारी भई यो ऐन प्रारम्भ हुनुभन्दा अघि निष्क्रिय भएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) अध्यादेश, २०७८ बाट मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ मा गरेका संशोधनका सम्बन्धमा सो अध्यादेश निष्क्रिय भएको मितिबाट त्यसरी संशोधन वा खारेज हुनुभन्दा अघि कायम रहेको साविकको व्यवस्था स्वतः जागेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश